# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः७ संख्याः ०६ कार्यपालिकाबाट पारित मितिः २०८१।।०३।२३

प्रमाणिकरण मितिः २०८१।०३।२४

प्रकाशन मितिः २०८१।०३।२५

## भाग-२

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा नगरपालिकाको वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः**

ठाकुरबाबा नगरपालिकाले आफ्ना नागरिकलाई व्यवसायी, रोजगारमा संलग्न एवं उत्पादन र आय आर्जन संग जोडेर उन्नत समुदाय बनाउन तथा युवा जनशक्तिलाई स्थानीय रुपमानै सिप र श्रमका क्षेत्रमा आकर्षण गर्न आवश्यक रहेकाले निति, विधि सहित कानुनी प्रकृया संग जोडेर व्यवस्थित कार्य संचालन गर्न । वृत्ति, रोजगारी, सीप तथा जीवनपर्यन्त सिकाइलाई श्रम बजारको आवश्यकता, वैयक्तिक रुचि र खुवीअनुसार दिगो, मर्यादित र व्यवस्थित रुपमा मार्ग निर्देशित गर्न युवा, विद्यार्थी, वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति तथा तिनका परिवार, विद्यालय, स्थानीय क्लब, सहकारी संस्था, समुदायिक वन उपभोक्ता समूह र युवासँग सम्बन्धित संघ/संस्थालाई सूचना, परामर्श, वृत्ति एवम् मार्गनिर्देशन सेवा प्रदान गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को ज ३ र ७ दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधी स्विकृत गरेको छ ।

ठाकुरबाबा नगरपालिकाको वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

## परिच्छेद - एक
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"ठाकुरबाबा नगरपालिकाको वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन कार्यविधि, २०८१"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"प्रमुख र उपप्रमुख"** भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रमुख र उप प्रमुख भन्ने सझनु पर्दछ।

(ख) **"नगरपालिका"** भन्नाले ठाकुरबाबा नगरपालिका सम्झनु पर्दछ ।

(ग) **"कामदार"** भन्नाले उद्योग, व्यवसायको उत्पादन वा सेवा प्रदान गर्ने कार्य तथा त्यस्तो कार्यसँग सम्बन्धित अरु कुनै आकस्मिक काम गरेवापत पारिश्रमिक दिई काममा लगाइएको व्यक्ति सम्झनु पर्दछ ।

(घ) **"डाटावेस प्रणाली"** भन्नाले वृत्ति मार्गनिर्देशन सेवासम्बन्धी परामर्शको लागि आएका सेवाग्राहीको विवरण र रोजगारदाताले प्रदान गर्ने सेवा तथा आवश्यक जनशक्तिसम्बन्धी विवरण राख्ने अनलाइन प्रणालीलाई सम्झनु पर्दछ ।

(ङ) **"मन्त्रालय"** भन्नाले बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ ।

(च) **"निर्देशक समिति"** भन्नाले दफा ५ बमोजिमको समिति सम्झनु पर्दछ।

(छ) **"निर्देशन पुस्तिका"** भन्नाले विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनका लागि तयार गरिएको पुस्तिका सम्झनु पर्दछ ।

(ज) **"प्रमुख"** भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रमुख भन्ने सझ्नु पर्दछ ।

(झ) **"युवा"** भन्नाले उच्च शिक्षा वा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम हासिल गर्ने वा रोजगारीको खोजीमा रहेका युवालाई सम्झनु पर्दछ ।

(ञ) **"रोजगार सेवा केन्द्र"** भन्नाले बागमती प्रदेश अन्तर्गत स्थानीय सरकारको मातहत सञ्चालनमा रहेका रोजगार सेवा केन्द्रलाई सम्झनु पर्दछ ।

(ट) **"विद्यार्थी"** भन्नाले विद्यालयमा कक्षा ८ वा सो भन्दा माथि अध्ययनरत विद्यार्थीलाई सम्झनु पर्दछ।

(ठ) **"विद्यालय/शैक्षिक संस्था"** भन्नाले सामुदायिक र संस्थागत विद्यालय, प्राविधिक शिक्षालय, क्याम्पस तथा मान्यता प्राप्त तालिम प्रदायक संस्थालाई सम्झनु पर्दछ ।

(ड) **"वृत्ति"** भन्नाले आफ्नो ज्ञान, सीप र क्षमताको प्रयोग गरी कुनैपनि नियमित, आयमूलक र जीवनयापन गर्न सकिने पेसा वा व्यवसायलाई सम्झनु पर्दछ ।

(ढ) **"वृत्ति जानकारी पुस्तिका"** भन्नाले विभिन्न वृत्तिको बारेमा विस्तृत रुपमा तयार गरिएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ठाकुरबाबा नगरपालिकाको वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन कार्यविधि, २०८१

(ण) **"वृत्ति मार्गनिर्देशन सहजकर्ता"** भन्नाले वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्नको लागि तोकिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

(त) **"वृत्ति मार्गनिर्देशन शिक्षक"** भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयका निर्धारित प्रशिक्षक प्रशिक्षण तालिम लिएका शिक्षकलाई सम्झनु पर्दछ ।

(थ) **"वृत्ति मार्गनिर्देशन सेवा"** भन्नाले युवा, विद्यार्थी, वैदेशिक रोजगारबाट फर्किएका कामदारलाई वृत्ति मार्गनिर्देशन/परामर्शको लागि यस कार्यविधिअनुसार प्रदान गरिने सेवालाई सम्झनु पर्दछ ।

(द) **"स्थानीय क्लब/संघ/संस्था"** भन्नाले प्रचलित कानुनबमोजिम दर्ता भई नगरपालिका/स्तरमा सञ्चालनमा स्वयंसेवामूलक/सेवामूलक संस्थालाई सम्झनु पर्दछ । रहेका युवा क्लब,

(ध) **"शिक्षा सुपरिवेक्षक"** भन्नाले ठाकुरबाबा न.पा. शिक्षा, युवा तथा खेलकुद शाकामा शिक्षा सुपरिवेक्षण र तालिम संचालनका लागि राखिएको जनशक्ति भनि सम्झनु पर्नेछ ।

## परिच्छेद-दुई

## वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनसम्बन्धी व्यवस्था

३. **वृत्ति मार्गनिर्देशन सेवाः** (१) वृत्ति मार्गनिर्देशन सेवासम्बन्धी गुणस्तरीय एवम् प्रभावकारी सूचना, परामर्श प्रदान गर्नका लागि यस ठाकुरबाबा नगरपालिका मातहतको कार्यालय, विद्यालय र स्थानीय उद्योग/व्यवसाय तथा युवा संजालबाट वृत्ति मार्गनिर्देशन सेवा प्रदान गरिनेछ ।

(२) सोसम्बन्धी कार्यको व्यवस्थापनका लागि नगरपालिकाले मातहतको कार्यालयमा वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन गर्न क्षमता अभिवृद्धिका लागि व्यवस्था गर्नेछ ।

४. **वृत्ति मार्गनिर्देशन अन्तर्गत प्रदान गरिने सेवाः** (१) वृत्ति मार्गनिर्देशन अन्तर्गत प्रदान गरिने सेवा देहायबमोजिम हुनेछन्ः

(क) वृत्ति मार्गनिर्देशनसम्बन्धी सूचना, जानकारी एवम् परामर्श सेवा,

(ख) वृत्ति, सीप, रोजगारी तथा जीवनपर्यन्त सिकाइसम्बन्धी सुचनामूलक सामग्रीको उत्पादन, प्रशारण, प्रकाशन, प्रबोधीकरण तथा वितरणसम्बन्धी सेवा,

(ग) कामको खोजीमा रहेका युवा, विद्यार्थी, कामदार, शैक्षिक संस्थाको तथ्याङ्क, विवरणको संकलन, तालिकीकरण तथा विश्लेषणसम्बन्धी सेवा,

(घ) विद्यार्थी/युवालाई साधारण, प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमसम्बन्धी सेवा

(ङ) **ठाकुरबाबा नगरपालिका**को शिक्षा, युवा तथा खेलकुद शाखा, रोजगार सेवा केन्द्र/विद्यालय, सिप विकास इकाईबाट प्रदान हुने सेवासँग एकीकृत हुने गरी आवश्यक समन्वय र सहकार्यसम्बन्धी सेवा,

(च) श्रम बजारअनुसार योग्य जनशक्ति तयारीको लागि व्यक्तिगत विवरण, अन्तर्वार्ताको तयारी तथा योग्यता जाँचबुझ कार्यसम्बन्धी सेवा,

(छ) सूचना, तथ्याङ्क तथा कार्यविवरणमा प्रविधिको सर्वसाधारणको पहुँच र उपयोगिता अभिबृद्धिसम्बन्धी सेवा, माध्यमबाट

(ज) पारस्पारिक सिकाइ तथा अनुभवको आदानप्रदान सम्बन्धी सेवा ।

(२) उपदफा (१) बमोजिमको सेवाको प्रक्रियागत विवरण अनुसूची १ अनुरुप गर्न सकिनेछ ।

५. **सेवा प्रवाहको प्रक्रियाः** (१) विभिन्न प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम सञ्चालन गर्ने शिक्षालय, विद्यालय, सीप विकास इकाई तथा शिक्षा तथा वृत्ति विकाससम्बन्धी काम गर्ने संघ/संस्थामार्फत् वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्न अवलम्वन गर्ने प्रक्रिया निम्नानुसार हुनेछः

(क) वृत्ति मार्ग निर्देशन/परामर्श सेवा सञ्चालनको विभिन्न विधि, पद्धति, सामग्री तथा उपकरण मार्फत लक्षित समूहको लागि प्रदान गरिने सेवाको पहिचान गर्ने,

(ख) सिप, वृत्ति आंकलन/जाँचबुझ विधि र औजारको विकास गर्ने,

(ग) रुची र खुबीको तथ्याङ्क/जाँचबुझ तथा आँकलन गर्ने,

(घ) विद्यार्थी/युवावर्ग, विभिन्न व्यक्ति तथा सेवाग्राहीलाई वृत्ति मार्ग-निर्देशन/परामर्श सेवा प्रदान गर्नको लागि स्तरीय आचारसंहिता तथा मापदण्ड तय गर्ने,

(ङ) प्रदेश स्तरीय तयार गरिएको अडियो तथा भिडियो सामग्रीको प्रययोग तथा आवश्यकताअनुसार थप सामग्रीको विकास गर्ने,

(च) अन्तर्क्रियात्मक सिकाइ विधि सञ्चालन गर्ने,

(छ) प्रदेश स्तरीय तयार गरिएको अनलाइन जाँच गर्ने विधि लागू गर्ने,

(ज) प्रदेश स्तरीय तयार गरिएको साइकोमेट्रीक जाँच तथा आचरण/योग्यता जाँचको लागि विभिन्न विधि औजार विकास गर्ने,

(झ) अनलाइन डिजिटल प्लेटफर्ममार्फत सेवाको विस्तार तथा लक्षित वर्गको पहुँच बढाउने,

(ञ) नगरपालिका मातहतका कार्यालयबाट वृत्ति मार्गनिर्देशन सेवा उपलब्ध गराउने,

(ट) वृत्ति मार्गनिर्देशन सेवालाई सूचना तथा प्रविधिको माध्यमबाट सञ्जलीकरण गर्ने ।

(ठ) ठाकुरबाबा नगरपालिकाको स्थानीय पाठ्यक्रम मार्फत औपचारीक शिक्षाको माध्यमबाट समेत वृत्ति मार्गनिर्देशन सम्बन्धि ज्ञान, सीप प्रदान गर्ने ।

(२) अनुसूची-२ बमोजिम वृत्ति मार्गनिर्देशन सेवा प्रवाह/सञ्चालन हुनेछ ।

## परिच्छेद - तीन

## वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनसम्बन्धी संरचनात्मक व्यवस्था

**५. <u>वृत्ति मार्गनिर्देशक समितिः</u>** (१) वृत्ति मार्गनिर्देशन सेवासम्बन्धी कार्यलाई मार्गनिर्देश प्रदान गर्न देहायबमोजिमको निर्देशक समिति रहनेछः-

(क) नगर प्रमुख - संयोजक
(ख) नगर उप प्रमुख - सदस्य
(ग) शिक्षा हेर्ने सुपरिवेक्षकहरु मध्येबाट - सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ङ) समितिले मनोनित गरेको १ जना प्रधानाध्यापक वृत्ति मार्गनिर्देशन इकाई भएको सामुदायिक माध्यमिक विद्यालयबाट - सदस्य
(च) ठाकुरबाबा उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि एकजना - सदस्य
(छ) प्रमुख, शिक्षा शाखा - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित निर्देशक समितिले आवश्यकताअनुसार विभिन्न विद्यालय/शैक्षिक संस्थाका प्रतिनिधि शिक्षा सुपरिवेक्षक, प्रधानाध्यापक, सामाजिक समिति संयोजक तथा विषय विज्ञलाई आमन्त्रण गरी राय परामर्श लिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि तीन बर्षको हुनेछ ।

(४) उपदफा (१) बमोजिम गठित निर्देशक समितिको बैठक सामान्यतया ३/३ महिनामा बस्नेछ साथै बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(५) निर्देशक समितिको बैठक बैठक भत्ता नगरपालिकाको प्रचलित कानुनबमोजिम हुनेछ तर कुनै संघ संस्था निकायले दिने रकमको हकमा संस्थाको कार्यक्रम अनुसार हुनेछ ।

**६. <u>वृत्ति मार्गनिर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वृत्ति मार्गनिर्देशक सेवा सञ्चालनको ढाँचा र स्वरूप सम्बन्धमा आवश्यक मार्गनिर्देशन गर्ने,
(ख) स्रोत परिचालनको लागि यस नगरपालिका मातहतको स्रोत, संघीय र प्रादेशिक कार्यालय, गैह सरकारी क्षेत्र तथा नीजी क्षेत्रसंग समन्वय र सहकार्य गर्ने,
(ग) नगरपालिकाभित्र सञ्चालन हुने वृत्ति मार्गनिर्देशन सेवाको लागि सरोकारवाला बीच आवश्यक समन्वय र सहकार्य गर्ने,
(घ) सञ्चालित सेवाको अनुगमन तथा मूल्याङ्कन एवम् आवश्यक सुधारको लागि निर्देशन गर्ने ।

**७. वृत्ति मार्गनिर्देशन सेवा कार्यान्वयन इकाई/समितिः** (१) वृत्ति मार्गनिर्देशन सेवासम्बन्धी कार्यलाई गुणस्तरीय र प्रभावकारी कार्यान्वयनको लागि देहायबमोजिमको कार्यान्वयन समिति रहनेछः-

(क) नगर शिक्षा समितिको अध्यक्ष वा अध्यक्षले तोकेको सदस्य - संयोजक
(ख) नगर शिक्षा समितिमा रहेको कार्यपालिकाको महिला सदस्य - सदस्य

ठाकुरबाबा नगरपालिकाको वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

(ग) सामुदायिक माध्यमिक विद्यालयको प्रधानाध्यापकमध्येबाट समितिले मननोनयन गरेको १ जना प्रधानाध्यापक - सदस्य

(ङ) रोजगार संयोजक - सदस्य

(च) स्थानीय युवा विकास क्षेत्रमा क्रियाशील सहकारी संघ/संस्थामध्ये एकजना प्रतिनिधि - सदस्य

(छ) स्थानीय उद्योग/व्यवसाय संघ महासंघमध्ये १ जना प्रतिनिधि - सदस्य

(ज) शिक्षा शाखा प्रमुखले तोकेको शिक्षा अधिकृत - सदस्य सचिव

(२) प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम क्षेत्र र वृत्ति मार्ग निर्देशन सेवामा क्रियाशील संघ/संस्थाको प्रतिनिधि शिक्षा शाखाका कर्मचारीलाई आमन्त्रित गर्न सकिनेछ ।

८. **<u>वृत्ति मार्गनिर्देशन सेवा कार्यन्वयन समितिको काम, कर्तव्य र अधिकारः</u>** वृत्ति मार्गनिर्देशन सेवा/कार्यक्रम सञ्चालनको लागि कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशन कार्यक्रमको योजना तर्जुमा गरी सञ्चालनमा सहयोग गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि प्राथमिकताको आधारमा छनोट कार्य गर्ने,

(ग) विद्यालयमा वृत्ति मार्गनिर्देशन इकाई स्थापना, व्यवस्थापन तथा आवश्यक अभिमुखीकरण कार्यको लागि सहजीकरण गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवा/कार्यक्रमको विस्तारको लागि आवश्यक स्रोत तथा जनशक्तिको व्यवस्थापनको लागि सहजीकरण गर्ने,

(ङ) वृत्ति मार्गनिर्देशन सेवासम्बन्धी कार्यक्रमको एकरुपता तथा गुणस्तरीयताको लागि सरोकारवाला बीच आवश्यक समन्वय र सहकार्य गर्ने,

(च) विद्यालयमा वृत्ति परामर्श/मार्गनिर्देशन व्यवस्थापन सिपसम्बन्धी कार्य सञ्चालन गर्ने

(छ) वृत्ति मार्गनिर्देशन शिक्षक मार्फत विद्यालयमा विद्यार्थीको ज्ञान, सीप, क्षमता विकासलाई श्रम बजारसँग आबद्ध गर्ने गरी आवश्यक वृत्ति विकासको लागि सहजीकरण गर्ने,

(ज) शिक्षा, तालिम तथा वृत्ति विकाससम्बन्धी काम गर्ने संघ/संस्थासँग समन्वय गरी एकिकृत रुपमा कार्य सञ्चालनमा टेवा पुर्‍याउने,

(झ) सञ्चालित सेवाको अनुगमन तथा मूल्याङ्कन गरी तथ्याङ्क तथा विवरणको अनलाइन तथा अफलाइन अभिलेखीकरण गर्ने,

(ञ) वृत्ति मार्गनिर्देशन सेवा प्रवाहको लागि सम्बन्धित सरोकारवाला (शिक्षक, विद्यार्थी, स्थानिय सरकार र उद्योग) सँग समन्वय गर्ने,

(ट) शिक्षकका लागि वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनसम्बन्धी तालिम, पुनर्ताजगी तालिमको लागि सहयोग र सहजीकरण गर्ने,

(ठ) युवा तथा अन्य सेवाग्राहीलाई वृत्ति विकाससम्बन्धी जानकारीको लागि भौतिक वा अनलाइनको माध्यमबाट वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्ने,

(ड) वृत्ति मार्गनिर्देशन/परामर्श तथा रोजगार मेला आयोजनाको लागि समन्वय तथा सहयोग गर्ने,

(ढ) नगरपालिकाको समन्वयमा वृत्ति मार्गनिर्देशन सेवाको अनुगमन तथा सुपरिवेक्षण गर्ने र आवश्यक पृष्ठ पोषण र सल्लाह सुझाव दिने,

(ण) विभिन्न कार्यक्रमको माध्यमबाट वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रमबारे वृहत रुपमा प्रचार प्रसार गर्ने ।

(त) स्थानीय पाठ्यक्रममा वृत्तिमार्ग सम्बन्धि विषयवस्तु समाविष्ट गर्ने, पढाउने शिक्षकलाई सो अध्यापन कला सम्बन्धी तालिम दिने, अध्यन समाग्री विकास गरी वितरण गर्ने र अध्यन-अध्यापन कार्य औपचारीक शिक्षाको सिमा भित्रबाट गर्ने ।

९. **<u>वृत्ति मार्गनिर्देशन सहजकर्ताको व्यवस्थाः</u>** (१) ठाकुरबाबा नगरपालिकाका भित्रका विद्यालयलाई समन्वय र सहजीकरण गर्नका लागि वृत्ति मार्गदर्शन सहजकर्ता रहनेछन् ।

(२) वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्नको लागि थप जनशक्ति वृत्ति मार्गनिर्देशन संयोजक/सहजकर्ता छनोटको मापदण्ड अनुसूची -३ बमोजिम हुनेछ ।

१०. **<u>वृत्ति मार्गनिर्देशन सहजकर्ताको काम, कर्तव्य र अधिकारः</u>** वृत्ति मार्गनिर्देशन सहजकर्ताको काम, कर्तव्य र अधिकार देहाबमोजिम हुनेछः

(क) विद्यार्थी/युवालाई सामूहिक र व्यक्तिगत रुपमा वृत्ति मार्गनिर्देशनसम्बन्धी निर्देशन/परामर्श सेवा प्रदान गर्ने,

(ख) सेवाग्राहीको तथ्याङ्क सूचना सङ्कलन गरी सुरक्षित राख्ने,

(ग) सेवा प्रदान गर्ने कक्षलाई व्यवस्थित गरेर राख्ने,

(घ) आवश्यक सामग्री सुरक्षित साथ मिलाएर राख्ने,

(ङ) वृत्ति मार्गनिर्देशन सेवासँग सम्बन्धित सम्पूर्ण अभिलेख सुरक्षित रुपमा राख्ने ।

(च) स्थानीय पाठ्यक्रमको वृत्ति मार्ग निर्देशन कक्षा, पढाउनेलाई सहयोग गर्ने ।

११. **<u>वृत्ति मार्गनिर्देशक शिक्षकको व्यवस्थाः</u>** (१) विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा वृत्ति मार्ग निर्देशक शिक्षक रहेनछन् ।

(२) वृत्ति मार्गनिर्देशन शिक्षकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) प्रधानाध्यापक/विद्यालय व्यवस्थापन समितिसँग छलफल गरी वृत्ति मार्गनिर्देशन कार्यक्रमको सत्र योजना बनाउने र सम्बन्धित सरोकारवालालाई पठाउने,

(ख) वृत्ति मार्गनिर्देशन गाइड बुकअनुसार विद्यार्थीलाई वृत्ति मार्गनिर्देशन सत्र सञ्चालन गर्ने,

(ग) विद्यालयमा हुने वृत्ति मार्गनिर्देशन वारे अभिभावक तथा अन्य सरोकारवालासँग छलफल र समन्वय गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सत्रका सबै कागजात अद्यावधिक गरी दुरुस्त राखे,

(ङ) विद्यार्थीले कार्यक्रममा कार्य पुस्तिका सही तरिकाले भरेको सुनिश्चित गर्ने र निर्देशन पुस्तिकाअनुसार सत्रको समयमा विद्यार्थीलाई सहजीकरण गर्ने,

(च) वृत्ति मार्गनिर्देशन सत्र समापन प्रतिवेदन तयार गरी खर्चको बिल, भर्पाइ सहित निकासाको लागि सम्बन्धित नगरपालिकामा पेस गर्ने,

(छ) विद्यार्थीको व्यक्तिगत विवरणसहित छनोट गरेका वृत्ति डाटाबेसमा प्रविष्टि गर्ने,

(ज) वृत्ति मार्गनिर्देशन कर्यक्रमको सबै सत्रमा विद्यार्थीको अनिवार्य उपस्थिति गराउने ।

१२. **विद्यालयस्तरमा वृत्ति मार्गनिर्देशन इकाई गठनः** (१) विद्यालयमा वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रम गुणस्तरीय र प्रभावकारी कार्यान्वयन तथा सेवा प्रदानको लागि विद्यालय स्तरमा देहायबमोजिमको वृत्ति मार्गनिर्देशन सेवा इकाई गठन गरिनेछः

(क) प्रधानाध्यापक - संयोजक

(ख) विद्यालय व्यवस्थापन समितिले तोकेको विद्यालय व्यवस्थापन समिति सदस्य - सदस्य

(ग) वृति मार्गनिर्देशन शिक्षक - सदस्य

(२) उपदफा (१) बमोजिम गठित वृत्ति आवश्यकताअनुसार विभिन्न विद्यालय/शैक्षिक संस्थाका मार्गनिर्देशन इकाईको प्रतिनिधि तथा विज्ञलाई आमन्त्रण गरी राय परामर्श लिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम मनोनित सदस्यको हकमा आवश्यकताअनुसार पदावधिको जिम्मेवारी परिवर्तन गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम गठित वृत्ति मार्गनिर्देशन इकाईको बैठक कम्तीमा प्रत्येक २/२ महिनामा हुनेछ साथैसम्बन्धी आवश्यकताअनुसार सञ्चालन गर्न सक्नेछ ।

१३. **<u>विद्यालयस्तरमा वृत्ति मार्गनिर्देशन सेवा इकाईको काम, कर्तव्य र अधिकारः</u>** यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त वृत्ति मार्गनिर्देशन इकाईको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विद्यालयस्तरमा वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी हुनेछ ।

(ख) वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनको लागि कार्यक्रम र योजना तर्जुमा गरी शिक्षा विकास महाशाखामा पेस गर्ने ।

(ग) वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनको लागि योजना तयार गरी कार्यक्रम सञ्चालन गर्ने/गराउने ।

(घ) वृत्ति मार्गनिर्देशन सेवालाई विद्यालयदेखि श्रम बजार सम्म जोडनको लागि तयारी क्रियाकलाप जस्तैः व्यक्तिगत विवरण लेखन, अन्तर्वार्ता तयारी, प्रस्तुतिसम्बन्धी सिप, काम खोज्ने पोर्टल, विधार्थीको वृत्ति छनोटको प्रमाण-पत्र आदि कार्य सञ्चालनमा गर्ने गराउने १ साथै नगरपालिकामा रहेका उद्योगसंगको अन्तर्क्रिया तथा उद्योग अवलोकन र विद्यालयमा हुने अन्य क्रियाकलाप जस्तैः निबन्ध प्रतियोगिता, चित्रकला, नृत्य आदि लाई वृत्ति विकासको अवधारणासंग जोड्ने ।

ठाकुरबाबा नगरपालिकाको वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

(ङ) वृत्ति मार्गनिर्देशन कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र समीक्षा गरी गुणस्तर अभिवृद्धि गर्ने सम्बन्धमा आवश्यक सुझाव र पृष्ठपोषण दिने ।

(च) वृत्ति मार्गनिर्देशन शिक्षकको क्षमता अभिवृद्धिको लागि स्थानीय सरकार, प्रदेश सरकार वा वृत्ति मार्गनिर्देशन सेवा केन्द्रसंग समन्वयन तथा सहकार्य गर्ने ।

(छ) वृत्ति मार्गनिर्देशन सेवाको स्थानीय शैक्षिक क्यालेण्डरमा अन्य क्रियाकलापलाई मिलानगरी सेवा प्रबाहको लागि आवश्यक समन्वय र सहकार्य गर्ने ।

(ज) वृत्ति मार्गनिर्देशन सेवासम्बन्धी कार्यलाई गुणस्तरीय र प्रभावकारी कार्यान्वयनको लागि आवश्यकताअनुसार वृत्ति मार्गनिर्देशन सेवा केन्द्र र प्रदेश सरकारसंग समन्वय र सहजीकरण गर्ने ।

## परिच्छेद - चार

## वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनमा विभिन्न निकायको जिम्मेवारी

१४. **ठाकुरबाबा नगरपालिकाको काम, कर्तव्य र अधिकारः** नगरपालिकाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि सम्बन्धित सरोकारवालासँग समन्वय गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि रोजगार सेवा केन्द्र, माध्यमिक विद्यालय मार्फत सेवा प्रदान गर्ने प्रबन्ध मिलाउने,

(ग) वृत्ति मार्गनिर्देशन सेवामा आवद्ध जनशक्तिलाई क्षमता अभिवृद्धि तालिमको लागि सहयोग गर्ने,

(घ) आवश्यक पर्ने सूचना, सञ्चार तथा सिकाइ सामग्रीको लागि सहयोग गर्ने,

(ङ) वृत्ति मार्गनिर्देशन सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि प्राविधिक सहयोग गर्ने,

(च) वृत्ति मार्गनिर्देशन सेवाको लागि आवश्यक सूचना, तथ्याङ्क तथा विवरणको डाटावेश प्रणाली विकासको लागि सरकारी, गैह्र सरकारी, विकास साझेदार तथा निजी क्षेत्रसंग समन्वय तथा सहकार्य गर्ने,

(छ) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालासँग सञ्चार तथा समन्वय गर्ने,

(ज) वृत्ति मार्गनिर्देशन सेवाको अनुगमन, अवलोकन तथा सिकाइलाई संस्थागत गर्ने ।

१५. **निजी क्षेत्र तथा उद्योग व्यवसायी संघ महासंघ/परिसंघको काम, कर्तव्य र अधिकारः** निजी क्षेत्र तथा उद्योग व्यवसायी संघ महासंघ/परिसंघको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि सहयोग तथा समन्वय गर्ने,

(ख) बजारको मागअनुसारको आवश्यक सिप तथा क्षमताको पहिचान गरी जानकारी उपलब्ध गराउने,

(ग) श्रम बजारको अवस्थाको जानकारी तथा अभिमुखीकरणको लागि सहजीकरण गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि विभिन्न उद्योग व्यवसायमार्फत सहजीकरण गर्ने,

(ङ) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालासँग सञ्चार तथा समन्वय गर्ने,

(च) वृत्ति मार्गनिर्देशन सेवाको आवश्यक सूचना, तथ्याङ्क साथै सिकाइ र असल अभ्यासलाई प्रचार प्रसार गर्ने,

(छ) वृत्ति विकास कार्यमा संलग्न जनशक्तिलाई क्षमता अभिवृद्धिका लागि सहयोग गर्ने,

(ज) वृत्ति विकास सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समन्वयात्मक सहयोग गर्ने ।

१६. **प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम शिक्षालय/विद्यालय/संस्थाको काम कर्तव्य र अधिकारः** प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम शिक्षालय/विद्यालय/संस्थाको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि सहयोग तथा समन्वय गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि सहजीकरण गर्ने,

(ग) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालासँग सञ्चार तथा समन्वय गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवाको अवलोकन तथा सिकाइ लाई प्रचार प्रसार गर्ने,

(ङ) रोजगार पदस्थापन तथा वृत्ति मार्ग निर्देशन सेवा कार्यान्वयन इकाई मार्फत वृत्ति मार्गनिर्देशनमा पहुँच अभिवृद्धिका लागि सहयोग गर्ने,

(च) आवश्यक पर्ने सूचना शिक्षा सञ्चारसम्बन्धी प्रचार प्रसारको लागि सहयोग गर्ने,

(छ) वृत्ति विकास सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समन्वयात्मक सहयोग गर्ने,

(ज) वृत्ति मार्गनिर्देशन सेवाको बारेमा सम्बन्धित सम्पूर्ण विद्यार्थी तथा अभिभावकलाई जानकारी गराउने ।

(झ) स्थानीय पाठ्यक्रममा भएको वृत्तिमार्ग निर्देशन विषय क्षेत्र अध्यापन गराउने ।

१७. **युवा परिषद/युवा क्लब/सञ्जलको काम कर्तव्य र अधिकारः** युवा परिषद/युवा क्लब/सञ्जालको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) वृत्ति मार्गनिर्देशन सेवाको बारेमा प्रचार प्रसारको लागि सहयोग तथा समन्वय गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि आवश्यक सहयोग गर्ने,

(ग) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालासँग सञ्चार तथा समन्वय गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवाको सिकाइ र असल अभ्यासलाई प्रचार प्रसार गर्ने,

(ङ) वृत्ति मार्गनिर्देशन सेवाको दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समन्वयात्मक सहयोग गर्ने ।

१८. **शिक्षा क्षेत्रमा कार्यरत संघ / महासंघः** शिक्षा क्षेत्रमा कार्यरत संघ महासंघको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) वृत्ति मार्गनिर्देशन सेवाको बारेमा प्रचार प्रसारको लागि सहयोग तथा समन्वय गर्ने,
(ख) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि आवश्यक सहयोग गर्ने,
(ग) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालासँग सञ्चार तथा समन्वय गर्ने,
(घ) वृत्ति मार्गनिर्देशन सेवाको सिकाइ र असल अभ्यासलाई प्रचार प्रसार गर्ने,
(ङ) वृत्ति मार्गनिर्देशन सेवाको दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि मातहतका विद्यालयलाई समन्वयात्मक सहयोग गर्ने ।

१९. **विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः** विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम कार्यान्वयनको लागि नगरपालिकासँग द्विपक्षीय सम्झौताको लागि पहल गर्ने,
(ख) वृत्ति मार्गनिर्देशन सत्रको अनुगमन तथा सुपरिवेक्षण गरी गुणस्तर सुनिश्चित गर्ने,
(ग) वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनको लागि चाहिने आवश्यक सामग्रीको व्यवस्थापन गर्न पहल गर्ने,
(घ) सिकाइ सामग्री विद्यालयमा सुरक्षित राख्ने व्यवस्था गर्ने,
(ङ) वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनका लागि शिक्षक छनोट गर्ने,
(च) छनोट भएका शिक्षकलाई वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनसम्बन्धी तालिम, पुनर्ताजगी तालिममा पठाउने,
(छ) वृत्ति मार्गनिर्देशन सेवासम्बन्धी प्राविधिक सहयोगको लागि ठाकुरबाबा नगरपालिका र वृत्ति मार्गनिर्देशन सेवा केन्द्रसंग समन्वयन गर्ने,
(ज) वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनको लागि आवश्यक सम्पूर्ण व्यवस्थापनमा सहयोग गर्ने।

## परिच्छेद- पाँच

## वृत्ति मार्गनिर्देशन कर्यक्रमको लक्षित वर्ग, विद्यालय छनोट, मानव संशाधन र क्षमता अभिवृद्धि

२०. **वृत्ति मार्गनिर्देशन कार्यक्रमको उद्देश्यः** (१) विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन गर्नुको मुख्य उद्देश्य देहायवमोजिम रहेकोछ :

(क) विद्यार्थीले वृत्ति विकासको अवधारणाको बारेमा जानकारी पाउनेछन,
(ख) विद्यार्थीले आफ्नो रुची, खुबी र क्षमताअनुसार वृत्तिको छनोट तथा सो को तयारी गर्नेसम्बन्धी जानकारी पाउनेछन्,
(ग) विद्यार्थीले शिक्षाको संसार र श्रम बजार बारे जानकारी पाउनेछन,
(घ) विद्यार्थीले क्षमता र छनोट गरेको वृत्तिको आधारमा लक्ष्य तय गरी व्यक्तिगत योजना बनाउन सक्षम हुनेछन,
(ङ) विद्यार्थीले नेपालको शिक्षा प्रणाली र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको बारेमा जानकारी पाउनेछन्,

(२) सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयका विद्यार्थी यस सेवाको लक्षित वर्ग हुनेछ ।

२१. **विद्यालय छनोटका आधारः** विद्यालय छनोटका आधार देहायबमोजिम हुनेछन्:

(क) वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनको लागि यस ठाकुरबाबा नगरपालिका अन्तर्गतका सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको संख्या, कार्यक्रम प्रतिको रुची तथा कार्यसम्पादनको आधारमा छनोट गर्नु पर्छ ।

(ख) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि विद्यालय अनुसूची-४ बमोजिम छनोट गर्नु पर्नेछ ।

(ग) वृत्ति मार्गनिर्देशन कार्यक्रमको लागि एकपटक विद्यालय छनोट भएपछि नियमित रुपमा प्रत्येक वर्ष कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

२२. **मानव संशाधनको व्यवस्थाः** (१) विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन गर्न कम्तीमा २ जना वृत्ति मार्गनिर्देशन शिक्षक रहेछन् । विद्यार्थी संख्याको आधारमा वृत्ति मार्गनिर्देशन शिक्षक संख्या बढाउन सकिनेछ । यी शिक्षकलाई सम्बन्धित विद्यालयले छनोट गर्नेछ । साथै स्थानीय पाठ्यक्रममा वृत्ति विकास गर्नमा दर्शन पढाउने विषय शिक्षालाई समेत तालिम प्रदान गरी क्षमता विकास गरिनेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयले वृत्ति मार्गनिर्देशन शिक्षकको छनोट गर्दा देहायको योग्यता तथा मापदण्डअनुसार प्राथमिकता दिनु पर्नेछः

(क) स्थायी शिक्षक हुनुपर्ने,

(ख) सम्भव भएसम्म माध्यमिक तहको शिक्षक हुनुपर्ने,

(ग) वृत्ति मार्गनिर्देशन शिक्षकको रूपमा काम गर्न इच्छा भएको हुनुपर्ने,

(घ) लोकप्रिय, मिलनसार र सहजीकरण क्षमता भएको हुनुपर्ने,

(ङ) सामाजिक, विज्ञान, नेपाली वा अङ्ग्रेजी पढाउने शिक्षकलाई वढी ग्राह्यता दिने,

(च) एउटा विद्यालयबाट एक पुरुष र एक महिला शिक्षक हुनुपर्ने,

(छ) कम्प्युटर तथा डाटाबेस प्रणालीसम्बन्धी ज्ञान भएको हुनुपर्ने,

(३) वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन गर्न छनोट भएका शिक्षकको सेवा सुविधा निर्देशक समितिले तोकेबमोजिम हुनेछ ।

२३. **क्षमता अभिवृद्धि तालिमको व्यवस्थाः** वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनको लागि छनोट गरिएका शिक्षकको क्षमता अभिवृद्धिको लागि ठाकुरबाबा नगरपालिकाले प्रदेश स्तरीय वृत्ति मार्गनिर्देशन सेवा केन्द्रसंग समन्वय गरी निर्देशक समितिको सिफारिसमा आफ्नै स्रोत अथवा अन्य सरोकारवालाको समन्वयमा सात दिने प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गर्नेछ तर स्थानीय पाठ्यक्रममा वृत्तिमार्ग दर्शन पढाउने शिक्षकलाई समेत उक्त विषयमा अभिमुखिकरण तालिम दिइने छ ।

## परिच्छेद ७

## अनुगमन तथा सुपरीवेक्षण सम्वन्धी व्यवस्था

२४. **<u>वृत्ति मार्गनिर्देशन सेवाको अनुगमन तथा सुपरिवेक्षणः</u>** वृत्ति मार्गनिर्देशन सेवाको गुणस्तरीयता र प्रभावकारीताको लागि अनुगमन तथा सुपरीवेक्षण शिक्षा विकास महाशाखा र निर्देशक समितिबाट हुनेछ ।शिक्षा शाखामा सुपरिवेक्षक भएमा सुपरिवेक्षकबाट नियमित कक्षा सुपरिवेक्षण हुनेछ । विद्यालयमा सञ्चालन वृत्ति मार्गनिर्देशन कार्यक्रमको समय समयमा ठाकुरबाबा नगरपालिका लगायत सम्बन्धित निकायबाट अनुगमन गरी आवश्यक सल्लाह सुझाव एवम् पृष्ठपोषण दिन सक्नेछ ।यसरी दिइएको पृष्टपोषण कार्यन्वयन गर्नु विद्यालय र प्रशिक्षकको दायित्व हुनेछ ।

२५. **<u>प्रतिवेदन सम्बन्धमाः</u>** वृत्ति मार्गनिर्देशन सेवाको कार्यक्रम सम्पन भइसके पछि विद्यालयले त्रैमासिक/बार्षिक प्रतिवेदन ठाकुरबाबा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा र निर्देशक समिति समक्ष पेस गर्नु पर्नेछ । त्रैमासिक / वार्षिक प्रतिवेदनको ढाँचा अनुसूची-५ बमोजिम हुनेछ । साथै वृत्ति मार्गनिर्देशन शिक्षकले विद्यार्थीले छनोट गरेको वृत्ति अनलाइन डाटावेसमा प्रविष्टि गरी सोको प्रतिलिपि प्रगति प्रतिवेदनसंगै निर्देशक समिति समक्ष पेस गर्नु पर्नेछ ।

ठाकुरबाबा नगरपालिकाको वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

## परिच्छेद ८

## विविध

२६. **सेवा शुल्कसम्बन्धी व्यवस्थाः** वृत्ति मार्गनिर्देशन सेवा (सूचना, परामर्श, तथा अन्य सेवा) उपलब्ध गराए वापत सेवाग्राहीबाट कुनै किसिमको शुल्क लिन पाइने छैन ।

२७. **जिन्सी सामान स्वीकार गर्न सक्नेः** नेपालमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाले वृत्ति मार्गनिर्देशन कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनको लागि आवश्यक नगदबाहेक अन्य जिन्सी सामग्री प्रदान गर्न चाहेमा प्रचलित कानुनबमोजिमको प्रक्रिया पूरा गरी नगरपालिकाको सहमतिमा निर्देशक समितिले निर्णय गरी उक्त सामग्री स्वीकार गर्न सक्नेछ ।

२८. **वृत्ति मार्गनिर्देशन कार्यक्रमको दिगोपनः** वृत्ति मार्गनिर्देशन कार्यक्रमको दिगोपनाको निम्ति तिनै तहको सरकार (संघीय, प्रदेश र स्थानीय) बीच समन्वय गरी र बजेट साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

२९. **वाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या वा द्धिविधा उत्पन्न भएमा प्रचलित कानूनको अधिनमा रही वाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा निहीत हुनेछ ।

३०. **कार्यविधि संशोधनः** नगर कार्यपालिकले आवश्यकताअनुसार यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ

३१. ठाकुरबाबा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाबाट आवश्यक निर्णय गरेर यस कार्यविधि अनुसार तय गर्ने कार्यक्रम तथा फारम र विधि समेत यसै अनुसार भएको मानिने छ ।

ठाकुरबाबा नगरपालिकाको वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

# अनुसूची-१

## (दफा ३ संग सम्बन्धित)

## सम्भावित सेवाको प्रक्रियागत विवरण

| प्रदान सेवा | उद्देश्य | सम्भावित कार्य | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| व्यक्तिगत विवरणको विश्लेषण तथा मूल्याङ्कन | विद्यार्थी तथा युवाको व्यक्तिगत पृष्ठभूमिको आधारमा सान्दर्भिक सूचनाको बारेमा जानकारी दिनु | व्यक्तिगत तथ्याङ्क फारम भर्ने | नयाँ आउने कक्षा ९ र १० का विद्यार्थीको अन्तिम सूचीको नामावली संकलन गर्ने बेरोजगार युवाको रोजगार सेवा केन्द्रसँग समन्वय गरी सूची तयार गर्ने |
| | विभिन्न शैक्षिक धारमा जान चाहने इच्छुक विद्यार्थी तथा युवालाई नया तथा सम्मानित पेसाका बारेमा जानकारी गराइ आकर्षित वातावरणको लागि आवश्यक सेवा प्रदान गर्नु | विभिन्न शैक्षिक धारमा जान चाहने इच्छुक विद्यार्थी तथा युवासँगको छलफल तथा अन्तर्वार्ता | विभिन्न शैक्षिक धारमा जान चाहने इच्छुक विद्यार्थी तथा युवासँगको अन्तर्वार्ताको लागि प्रधानाध्यापक, नगरपालिकासँग समन्वय |
| | विगतमा विद्यालयले गरेको भएको समग्र कार्यसम्पादनको जानकारी तथा उत्तीर्ण परिणामको विवरणको तयारी गर्नु | विद्यालय प्रशासन तथा प्रधानाध्यपकसँगको छलफल तथा सम्मेलन | विद्यालय प्रशासन तथा प्रधानाध्यपकसँगको छलफल तथा सम्मेलन लागि पत्रचार तथा सूचना सम्प्रेषण |
| सूचना तथा जानकारी प्रबाह | वृत्ति मार्गनिर्देशन कार्यक्रमको अवधारणा र महत्त्व पाठ्यक्रम र सिकाइ सामग्रीका समावेश गर्न | वृत्तिसम्बन्धी चेतना अभिवृद्धि | वृत्ति मार्गनिर्देशन कार्यक्रमको प्रस्तुतिसम्बन्धी शिक्षक तथा प्रशासनका कर्मचारीसम्बन्धी बैठक तथा तयारी |
| | सहयोग गर्नु शैक्षिक संस्थामा अध्ययन हुने बिषयबस्तु र वृत्ति मार्ग निर्देशनको सम्बन्धमा अनुसन्धान मार्फत वृत्ति विकासको छनोटमा सहयोग गर्नु | प्रक्षिक्षण मार्फत वास्तविक जाँचबुझ आफ्नो दृष्टि (vision) को छनोट तथा परिभाषित | वृत्ति विकास सङ्ग्रहको ग्यालरी बनाई विद्यार्थी तथा युवालाई अबलोकन गर्ने, विभिन्न कक्षाका विद्यार्थी जम्मा गरी आफ्नो रुची र खुबीअनुसार व्यक्तिगत वृत्तिको छनोट गर्ने |

| प्रदान सेवा | उद्देश्य | सम्भावित कार्य | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| | समतामुलक समाज निर्माणमा योगदान गर्नको लागि आफुले छनोट गरेको वृत्तिको महत्व र औचित्यको पहिचान गर्ने | अनुभवी विज्ञ को सिकाइ आदान प्रदान गर्ने | विभिन्न क्षेत्रबाट अभिभावकलाई आफ्नो वृत्तिविकासको तयारी, अनुभव र सिकाइ आदान प्रदान लगाउने |
| | सञ्चालन भएका कार्यबाट विद्यार्थी तथा युवाले सिकाइको बारेमा समीक्षा गरी विद्यार्थीलाई सहजीकरण गर्नु | समीक्षा तथा योजना कार्यशाला सञ्चालन | विद्यार्थी तथा युवाले आफ्नो आफ्नो सिकाइ तथा अनुभवको समीक्षा कागजमा लेख लगाउने |
| परामर्श | वृत्ति छनोटमा कठिनाइ भएका विद्यार्थी तथा युवालाई परामर्श तथा सहयोग प्रदान गर्नु | वृत्ति विश्लेषण प्रोफाइल सिट | व्यक्तिगत परामर्श सञ्चालन गर्ने |
| | विद्यार्थी तथा युवाले आफ्नो इच्छा गरेको पेसा र वास्तविक जीवनमा हासिल गरेका शैक्षिक उपलब्धिको विश्लेषण गर्नु | वृत्ति विश्लेषण प्रोफाइल सिट | वृत्ति सम्पन्नमा विद्यार्थी तथा युवासँग छलफल तथा अन्तक्रिया गर्ने |
| पदस्थापन (Placement Support) | व्यक्तिगत आचरण/व्यवहारले शैक्षिक/व्यावसायिक तथा वृत्ति विकासमा पार्ने प्रभाव प्रस्तुति गर्नु | आफ्नो क्षमता र पहिचानको बारेमा अनलाईन खेलमार्फत आँकलन गर्ने/गराउने | व्यक्तिगत रुची र आचरणको लागि ग्रेड स्तर मूल्याङ्कन गर्ने |
| | विद्यार्थी तथा युवालाई उनीको क्षमताअनुसार कार्यको लागि उपयुक्त ठाउँको पदस्थापनको लागि गाइड गर्नु | आफु सुहाउदो ठाउँ कामको संसारमा पत्ता लगाउने विभिन्न गोष्ठी तथा Symposium गर्ने सञ्चालन | वृत्ति मार्गनिर्देशन क्रियाकलापको योजनाको लागि विद्यालय प्रशासन तथा शिक्षकसँग गोष्ठी/कन्फरेन्स |
| | वृत्ति विकासको लागि विद्यालय र श्रम बजारसँगको अन्तरसम्बन्ध विस्तार गर्न पुलको भूमिका निर्वाह गर्नु | आफ्नो वृत्ति विकासको तयारीको लागि सोधखोज गर्ने | |


| प्रदान सेवा | उद्देश्य | सम्भावित कार्य | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| | आफ्नो गन्तब्यमा कसरी पुग्ने भन्ने भविस्यको योजना तयारी गर्न व्यक्तिले सिक्नु पर्ने विषय बारेमा सचेत गराउनु | वृत्ति पाश्वचित्र वा गोष्ठी वा वृत्ति अन्तर्वार्ता गर्ने | |
| | कामले व्यक्तिगत तथा पारिवारिक तहमा ठुलो प्रभाव पर्दछ भन्ने बुझाईको विकास गर्नु | वृत्ति मेला तथा श्रम बजार मेला | |
| | छनोट गरीयको वृत्तिको सफलताको लागि अपनाइएको उत्प्रेरणा तथा प्रयास तय गर्नु | आफ्नो भविष्यको तयारीको लागि आफैलाई पत्र वा समीक्षा | |
| प्रेषण (रिफरल) सेवा | विशेष आवश्यकता र ध्यान केन्द्रित गर्नुपर्ने विद्यार्थी तथा युवालाई सहयोग गर्नु | विद्यार्थी तथा युवाको ट्र्याक रेकर्ड तथा प्रतिवेदन हेरी विश्लेषण गर्ने | यस्ता मुद्दाको लागि उपयुक्त व्यक्तिको सहयोगको लागि समन्वय गर्ने |
| अनुसन्धान (कम्तीमा एउटा अध्ययन गर्ने क्षेत्रको छोटो लेख लेखे) तथा मूल्याङ्कन | विभिन्न अनुसन्धान विधि मार्फत आफ्नो वृत्ति छनोट गर्नको लागि विद्यालय, घर, तथा समुदायमा उपलब्ध स्रोतको उपयोग गर्न विद्यार्थीलाई सहयोग गर्नु | प्रयोगात्मक क्रियाकलापः वृत्ति छनोटमा यसको भूमिका | वृत्ति अनुसन्धान प्रस्तुति तथा छलफल |
| | शैक्षिक वर्ष भित्र सञ्चालित क्रियाकलापको प्रभाव मूल्याङ्कन गर्नु | सर्वेक्षण गर्ने | विद्यार्थी, अभिभावक, शिक्षक तथा प्रशासनका कर्मचारीलाई सर्वेक्षण सिट प्रदान गर्ने |

ठाकुरबाबा नगरपालिकाको वृत्ति मार्गनिर्देशन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

अनुसूची – २

(दफा ४ को उपदफा (२) संग सम्बन्धित)

वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको विस्तृत ढाँचा



## अनुसूची ३

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**वृत्ति मार्गनिर्देशन सेवाको लागि संयोजक/सहजकर्ताको योग्यता तथा छनोट मापदण्ड**

सेवा सञ्चालन रहेको कार्यालयको अधिकृतस्तको जनशक्तिलाई संयोजक, सहजकर्ता र व्यवस्थापकको रुपमा जिम्मेवारी प्रदान गर्न सकिनेछ । उक्त जनशक्तिलाई सेवासम्बन्धी साथै अन्य थप कर्मचारीको आवश्यकता भएमा वा कुनै सङ्घ संस्थाबाट जनशक्ति उपलब्ध गराउन चाहेका तपसिलअनुसार हुनुपर्नेछः

(क) मनोसामाजिक, समाजशास्त्र वा अन्य बिषयमा स्नातकोत्तर पास भएको हुनुपर्ने
(ख) सम्बन्धित क्षेत्रमा कम्तीमा एकवर्षको अनुभव भएको हुनुपर्ने,
(ग) वृत्ति मार्गनिर्देशन/परामर्शसम्बन्धी तालिम प्राप्त गरेको हुनुपर्ने,
(घ) कम्प्युटरसम्बन्धी जानकारी भएको हुनुपर्ने,
(ङ) नेपाली र अङ्ग्रेजी भाषा लेख र बोल्न सक्ने हुनुपर्ने,
(च) समन्वय/सहजीकरण गर्न सक्ने क्षमता भएको हुनुपर्ने,
(छ) प्रतिवेदन लेख सक्ने हुनुपर्ने,
(ज) वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको समग्र व्यवस्थापन गर्न सक्ने क्षमता भएको हुनुपर्ने ।

ठाकुरबाबा नगरपालिकाको वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

# अनुसूची ४

## (दफा २० सँग सम्बन्धित)

## विद्यालय छनोटका आधार

वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनको लागि सामुदायिक तथा संस्थागत विद्यालय छनोटका आधार निम्नबमोजिम हुनेछः

१. माध्यमिक स्तरको विद्यालय हुनुपर्ने,

२. बिपन्न तथा पिछडिएको वर्गको विद्यार्थीको सहभागिता भएको विद्यालयलाई प्राथमिकता हुनुपर्ने,

३. दुर्गममा अवस्थित विद्यालयलाई प्राथमिकता दिनुपर्ने,

४. बिगतको कार्यक्रम सम्पादनको मूल्याङ्कनको आधारमा

५. व्यवसायीक तथा प्राविधिक धार संचालन भएका र धेरै विद्यार्थी भएका विद्यालय अग्र प्राथमिकतामा रहनेछन् ।

६. विद्यालयमा वृत्ति भर्ना निर्देशन सम्बन्धि तालिम लिएका शिक्षक जनशक्तिलाई समेत आधार मानिने छ ।

ठाकुरबाबा नगरपालिकाको वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी कार्यविधि २०८१

**अनुसूची — ५**

**(दफा २४ सँग सम्बन्धित)**

वृत्ति मार्गनिर्देशन कार्यक्रमको प्रगती प्रतिवेदनको ढाँचा

वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन

**सम्पन्न प्रतिवेदन**

(प्रतिवेदन अवधिः मिति ........................ देखि मिति ......................... सम्म)

**प्रतिवेदन पेस गरिएको संस्थाः**

शिक्षा, युवा तथा खेलकुद शाखा
ठाकुरबाबा नगरपालिका
सैनवार, बर्दिया

प्रतिवेदन पेस गर्ने संस्थाः

..........................................................

.................................

ठाकुरबाबा नगरपालिकाको वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

अनुसूची ६

## वृत्ति मार्गनिर्देशन कार्यक्रम सम्पन्न प्रतिवेदन

१. कार्यक्रमको परिचयः

२. कार्यक्रमको उद्देश्यः

३. वृत्ति मार्गनिर्देशनसम्बन्धी विस्तृत प्रगति विवरण

(क) सेवाग्राहीको संख्यात्मक विवरणः

| क्र.सं. | वृत्ति सेवा | सेवाग्राही संख्या | | कैफियत |
|---|---|---|---|---|
| | | महिला | पुरूष | |
| १ | | | | |
| २ | | | | |
| | | | | |
| जम्मा सेवाग्राही संख्या | | | | |

(ख) वृत्ति परामर्शसम्बन्धी भएका कक्षाको विवरणः

| क्र.सं. | विषय | घण्टा |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

४. युवा/विद्यार्थीको अनुभवः

५. वृत्ति मार्गनिर्देशक परामर्शकर्ताको अनुभव तथा सिकाइः

६. वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको समग्र **अनुभव** तथा सिकाइः

७. समग्र उपलब्धिः

८. सुधारको लागि सुझाव तथा सल्लाहः

९. अनुसूची

पेश गर्नेको हस्ताक्षर

नामः

पदः

मितिः

ठाकुरबाबा नगरपालिकाको वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

<u>**अनुसूची ७**</u>

स्थानीय पाठ्यक्रम हाम्रो ठाकुरबाबा कक्षा १-८ को कक्षा ८ को एकाइ छ को "सहकारी कृषि र स्थानीय उद्यमहरु" भन्ने विषय क्षेत्र भित्र उद्यम व्यवसाय र जिवन वृत्तिमा तपसीलको विषय क्षेत्र अध्यापन गर्न एक जना शिक्षकको जिम्मा रहने छ ।

<u>तपसील</u>

(क) जीवन वृत्तिको परिचय, आवश्यकता र महत्व ।

(ख) जीवन वृत्तिका क्षेत्र, सिमा र उपयोगीता ।
स्थानीय रुपमा अपनाउन सकिने जीवन वृत्तिहरु ।

(ग) उन्नत जीवन वृत्तिका सम्भावना, अवसर र चुनौतिको व्यवस्थापन ।

(घ) जीवन वृत्ति सम्बन्धी विविध ।

ठाकुरबाबा नगरपालिकाको वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

**<u>आज्ञाले</u>**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत